का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ पुस २०७९,
सोमबार
2 January 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## मन बुझ्दै माधव



सरकारमा सहभागिता, समाजवादी केन्द्र निर्माण वा एमालेसँगको एकता जस्ता विषयमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल विभिन्न पक्षसँग निरन्तर छलफलमा छन् । तर, पार्टीबाट कुनै निर्णय गरिसकेका छैनन् ।



"स्थायी कमिटीमा समसामयिक राजनीतिक विषयमा पार्टीको दृष्टिकोणबारे छलफल गरेका छौं । पार्टी निर्माण, सुदृढीकरण र बिस्तारबारे छलफल भएको छ । र, पार्टी एकता बाहिरको हल्ला मात्रै हो । पोलिटब्युरो बैठकपछि यावत विषयमा थप धारणाहरू बाहिर ल्याउनेछौं ।

**जगन्नाथ खतिवडा**
उपमहासचिव, एकीकृत समाजवादी

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ पुस ।

नेकपा एकीकृत समाजवादीको दुई दिनसम्म राजधानीमा बसेको स्थायी कमिटीले ठोस् रुपमा कुनै निर्णय गरेन । सरकारमा सहभागी हुने/नहुनेबारे पोलिटब्युरो बैठकपछि मात्रै टुंगो लगाउनेगरी स्थायी कमिटीको बैठक सकिएको छ ।

सरकारमा सहभागिता, वाम एकता वा समाजवादी केन्द्र निर्माण र एमालेसँगको एकता जस्ता विषयमा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल निरन्तर बिभिन्न पार्टीसँग छलफलमा छन् । तर, पार्टीबाट कुनै निर्णय गराइरहेका छैनन् ।

एकीकृत समाजवादीका उपमहासचिव जगन्नाथ खतिवडा नेकपा एमालेसँगको पार्टी एकता बाहिरी हल्लामात्रै भएको बताउँछन् । उनका अनुसार आज सोमबार पार्टीको पोलिटब्युरो बैठक डाकिएको छ ।पोलिटब्युरो बैठकबाट आएका सुझावका आधारमा मात्रै सरकारमा जाने वा नजाने भन्ने विषयको टुंगो लाग्ने उनले बताए । उनका अनुसार दुई दिनसम्म चलेको पार्टीको स्थायी कमिटी बैठकमा समसामयिक र राजनीतिक विषयमा पार्टीको दृष्टिकोणका बारेमा छलफल भयो तर, ठोस निर्णय भएन । अब पोलिटब्युरो बैठकबाट ठोस निर्णय हुने उनको भनाइ छ ।

'पार्टीको स्थायी कमिटीको बैठकले के सुझाव दिन्छ, त्यसपछि मात्रै यावत विषयहरुमा थप धारणाहरु बाहिर ल्याउनेछौं' उपमहासचिव खतिवडा भन्छन्, 'हामीले समसामयिक राजनीतिक विषयमा पार्टीको दृष्टिकोणका बारेमा छलफल गरेका छौं । यो बैठकले पार्टी निर्माण, सुदृढीकरण र बिस्तारका बारेमा छलफल गरेको छ । पार्टी एकता बाहिरको हल्ला मात्रै हो ।'

एकीकृत समाजवादी नेकपा एमाले फुटेर बनेको दल हो । चुनाव अगाडि एमालेबाट विभाजन भएर २०७८ भदौ २ गते निर्वाचन आयोग आधिकारिक रूपमा दर्ता भएको यो पार्टी गत ४ मंसिरमा सम्पन्न आम चुनावबाट भने राष्ट्रिय दल बन्न सकेन । राष्ट्रिय दल बन्न जम्मा खसेको सदर मतको ३ प्रतिशत मत ल्याउनुपर्छ । ३ प्रतिशत मत समानुपतिकतर्फ नपाएर राष्ट्रिय दल बन्न नसकेपछि एकीकृत समाजवादीले प्रत्यक्षतर्फ १० सिट जितेको छ । आम चुनावबाट राष्ट्रिय पार्टी बन्न नसकेपछि यो पार्टीमा पुनः एमालेसँगै एकता गर्नुपर्ने

– बाँकी पृष्ठ २ मा

## नीति महाधिवेशन बोलाउने तयारी

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १७ पुस ।



नेपाली कांग्रेस नीति महाधिवेशनको तयारीमा जुटेको छ । नेताहरुका अनुसार केन्द्रदेखि प्रदेशसम्मको सत्ता अवसर गुमाएपछि पार्टीभित्र रक्षात्मक बन्न पुगेका कांग्रेस सभापति शेरबहादुर देउवाले आउँदो वैशाख पहिलो हप्तामा पार्टीको नीति महाधिवेशन बोलाउने गृहकार्य थालेका हुन् ।

गत मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सबैभन्दा ठूलो दल भएको थियो । तर, अन्य दलहरुले मिलेर सरकार बनाएपछि कांग्रेस सत्ताबाहिर पुगेको हो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एमालेसँग मिलेर प्रधानमन्त्री बनेपछि कांग्रेसका संस्थापन इतर

केन्द्रदेखि प्रदेशसम्मको सत्ता अवसर गुमाएपछि पार्टीभित्र रक्षात्मक बन्न पुगेका कांग्रेस सभापति शेरबहादुर देउवाले आउँदो वैशाख पहिलो हप्तामा पार्टीको नीति महाधिवेशन बोलाउने गृहकार्य थालेका हुन् ।

पक्षको निशानामा देउवा परेका छन् । त्यसैले उनी पछिल्लो समय सार्वजनिक रुपमा मौन देखिएका छन् । यद्यपि, पार्टीमा आफू निकट नेताहरूसँग भने आगामी रणनीतिका तय गर्नलाई लगातार छलफलमा रहेको देखिन्छ ।

सत्ताबाट बाहिरिएको तात्तातो परिस्थितिका बीचमै सभापति देउवाले निर्वाचन समीक्षा गर्नका लागि पुस २२ गतेलाई केन्द्रीय समिति बैठक बोलाएका छन् । केही दिनसम्म चल्ने आकलन गरिएको बैठकका

– बाँकी पृष्ठ २ मा

## बढ्दो विरोध, नरोकिएका बालेन



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ पुस ।

खुलामञ्चमा अन्डरग्राउन्ड पार्किङ निर्माण गर्ने काठमाडौं महानगरपालिको तयारी विवादमा परेको छ । सम्पदा अभियन्ताको विरोध र केन्द्रीय सरकारले नै खुलामञ्चमा संरचना नबनाउने निर्णय गरिसकेकाले महानगरको उक्त निर्णय विवादमा परेको हो । तर, महानगरले भने उक्त स्थानमा पार्किङ्ग निर्माणका लागि झाडी र फोहोरले अस्तव्यस्त बनेको खुलामञ्च सम्याएर महानगरले अहिले सफा गरेको छ ।

'अहिले चाहि फोहोर र झाडीको कारण अस्तव्यस्त देखिएकोले सम्याइएको मात्रै हो । तर, हाम्रो तयारी यहाँ अन्डरग्राउन्ड पार्किङ नै हो । महानगरमा भइरहेको पार्किङ समस्या समाधान गर्न यसले भूमिका खेल्छ' मेयर बालेन्द्र साहका पूर्वाधार सल्लाहकार सुनिल लम्सालले बताए । उनले बजेटमै उल्लेख भएको बुँदा अनुसार, महानगरले खुलामञ्चमा

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## व्यवसायीमाथि आक्रमणबारे सरकार र दलहरुलाई ध्यानाकर्षण गराइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकार परिवर्तनसँगै व्यवसायमाथि आक्रमण शुरु गरिएको भन्दै व्यावसायिक सुरक्षाका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित प्रमुख दलका नेताहरुको ध्यानाकर्षण गराउने तयारी गरेको छ ।

राजधानीको सिनामंगलस्थित व्यवसायी कृष्णप्रसाद बञ्जाडेको रेस इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.मा केही युट्युबर प्रवेश गरी हातपात गरिएको भन्दै व्यवसायीहरुले सरकार परिवर्तनलगत्तै कानून हातमा लिने प्रवृत्तिले व्यवसाय गर्न असुरक्षा र समस्या हुने बताएका छन् । केही दिनअघि व्यवसायी बञ्जाडेको कार्यालयमा वैदेशिक रोजगारमा जाने क्रममा रहेका व्यक्तिबाट लिइएको रकम तत्काल फिर्ता गरिदिन भन्दै हातपात भएको थियो ।

उक्त घटनाका सम्बन्धमा छलफल गर्न आइतबार संघको कार्यालय बत्तीसपुतलीमा

– बाँकी पृष्ठ २ मा

### संघद्वारा तत्काल प्रतिनिधि पठाउन आग्रह

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वार्षिक सदस्यता शुल्क बुझाएका व्यवसायी संस्थालाई तत्काल साधारण सभा तथा निर्वाचनका लागि प्रतिनिधि पठाउन आग्रह गरेको छ । संघको २९ औं वार्षिक साधारण सभा र निर्वाचन गत पुस ८ गते गर्ने गरी सार्वजनिक सूचनासमेत प्रकाशन भएपनि संघका ८ सय ८० जना सदस्यमध्ये निर्धारित समय भित्र ३ सय ८९ जना सदस्य

– बाँकी पृष्ठ २ मा




उत्कृष्ट बैंकिङ्ग सबैका लागि

ग्लोबल आइएमई बैंकको १६ वर्षको यो यात्रामा निरन्तर साथ, सहयोग र शुभेच्छा प्रदान गर्नुहुने सम्पूर्ण ग्राहकवर्ग, शेयरधनी, नियमनकारी निकाय, कर्मचारी तथा शुभेच्छुकहरुमा हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको साथ लिँदै अझ उत्कृष्ट बैंकिङ्ग सेवा दिँदै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

'[ICRANP-IR] A' Rated

EUROMONEY AWARDS FOR EXCELLENCE 2022 NEPAL BEST BANK

## मन...

आवाज उनि उठेको छ । वाम एकताको रुपमा एकताकै लागि अग्रसर हुनुपर्छ भन्ने मत पनि छ । साथसाथै, एकीकृत समाजवादी गठन हुने वा एमाले विभाजन हुनुको पुष्टि नभएकाले पार्टी निर्माणमै लाग्नुपर्ने मत पनि बलियो रुपमा छ ।

एमालेसँग एकता गर्नुपर्छ भन्ने पक्षमा रहेको भनिएको झलनाथ खनाल पक्ष पनि सार्वजनिक रुपमा पार्टी बनाउनुपर्नेमा जोड दिइरहेको छ। बरु, एमालेलाई प्रतिगमनकारीको संज्ञा दिएर कटाक्ष गरिरहेका छन् ।

आइतबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको पार्टीको स्थायी कमिटी बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भने, ‘ वर्तमान सरकारमा प्रतिगमनकारी, पुनःउत्थानवादीहरु सामेल छन् ।’ पार्टी भित्रको विवादलाई देखाएर एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री हुँदा दुई पटकसम्म प्रतिनिधिसधा विघटन गरेका थिए । तर, उक्त विघटनलाई सर्वोच्च अदालतले बदर गरिदिएको थियो । प्रतिनिधिसभा विघटनलाई बदर गर्दै सर्वोच्च अदालतले माधव नेपाल सहितका सांसदहरुको समर्थन प्राप्त शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । आफ्नो पार्टीको सरकार ढालेर अर्को दलको सरकार बनाउन भूमिका खेलेको भनी एमालेले माधव नेपाल सहितका सांसदलाई कारबाही समेत गरेको थियो। तर, नयाँ दल दर्ता गरिसकेको भन्दै संसद सचिवालयले त्यसलाई मान्यता दिएन । त्यस उपर परेको रिटमा सर्वोच्च अदालतले पनि सुनुवाई गरेन ।

अहिले फेरि एमालेसँग एकता गर्नुपर्छ भनेर तिनै नेताहरु समेत भनिरहेका छन् । तर, यो विषयमा एकीकृत समाजवादीमा दुई धार देखा परेको छ । शनिबारको स्थायी कमिटी बैठकमा सम्पूर्ण नेताहरूले विभिन्न विषयउपर आ-आफ्नो मत राख्न नभ्याएपछि बैठक आइतबार पनि बस्यो । दुबै दिनको बैठकमा वर्तमान सरकारलाई हेर्ने दृष्टिकोण, आगामी दिनमा पार्टीको संगठन सुदृढीकरण रणनीति तथा संगठन निर्माण, सरकारमा सहभागी हुने या नहुने, नेकपा एमालेसँग एकतालगायत विभिन्न विषयउपर छलफल भयो । उपमहासचिव खतिवडाका अनुसार एमालेसँगको एकता, सरकारमा सहभागी हुने विषयमा राम्रा/नराम्रा पक्षहरूबारे चर्चा भए ।

बैठकमा पुरानो गठनबन्धन सफल हुन नसक्नुका कारणबारे सबै नेताले आ-आफ्नो ढंगले विचार पनि राखे । ‘सरकार गठन गर्दा पुरानो गठबन्धन क-कसका कारण तोडियो र नयाँ सरकारबारे हाम्रो धारणा के हुनुपर्छ भनेर धारणा आइरहेको छ । सरकारमा जाने वा नजाने विषयमा पोलिटब्यूरोमा पुगेर टुंगो गर्ने स्थिति बनेको छ,’ खतिवडाले भनेका छन् ।

आफूहरूले एमालेसँग एकताको प्रस्ताव नगरेको र त्यसमा रुचि नभएको उनको भनाइ छ । ‘तपाईंहरूका अध्यक्ष नेपाललाई राष्ट्रपति दिएर पार्टी नेकपा एमालेसँग विलिन गराउने चर्चा छ नि’ भन्ने पत्रकारको प्रश्नमा उनले भने, ‘औपचारिक वा अनौपचारिक दुवै कोणबाट यस्तो कुरा भएको छैन । पार्टी विलय वा एकीकरण गर्ने गरी हामीले काम गरेका पनि छैनौं । त्यसमा हाम्रो रुचि छैन ।’ प्रवक्ता खतिवडाले यस्तो जिकिर गरे पनि पार्टीमा एमालेसँग एकताको सन्दर्भमा मत विभाजित भएको छ । एक्लै अगाडि बढ्दा पार्टी थप कमजोर हुने भएकाले एमालेसँग एकता गर्नुपर्ने मत थुप्रै नेताको थियो । ‘पार्टीमा थुप्रै नेताले एक्लै हिँड्दा पार्टीलाई फाइदा नहुने र एमालेसँग एकता गर्नुपर्छ भन्ने विचार राख्नुभएको थियो,’ बैठकमा उपस्थित एक नेताले भने । शुभचिन्तक तथा नागरिकहरू पनि नेकपा एस र एमाले मिल्नुपर्छ भन्ने धारणा राखिरहेका दुवैले मिल्नुको विकल्प नहुने ती नेताले बताए । ‘हामीलाई निर्वाचनको ताजा जनादेशले पनि त्यही भनेको छ,’ उनले भने, ‘ एकीकृत समाजवादीले एकता प्रक्रिया छिट्टै अगाडि बढाउनुपर्छ ।’

नेकपा एसका अर्का नेताले पनि एमालेसँग ढिलोचाँडो मिल्नुको विकल्प नभएको बताए । पार्टी विभाजनकै कारण निर्वाचनमा पार्टीले राष्ट्रिय दलको मान्यता पाउन नसकेको ती नेताको मत छ । ‘ढिलोचाँडोको कुरा मात्र हो, तर एक दिन एमालेसँग मिल्नुको विकल्प छैन । एक्लै कतै पुगिँदैन,’ उनले भने । गुल्मी-२ मा पराजित रामकुमारी झाँक्रीलगायत केही अन्य प्रभावशाली नेताहरू पनि एमालेमै फर्किनुपर्ने मत जोडदार रुपमा राखिरहेका छन् । यद्यपि, पार्टी अध्यक्ष नेपाल सरकारमा सहभागिता, वाम एकता वा समाजवादी केन्द्र निर्माण र एमालेसँगको एकता जस्ता विषयमा माधवकुमार नेपाल निरन्तर बिभिन्न पार्टीसँग छलफल गरिरहेका छन् । उनको प्रयास एमाले नेता भीम रावल, पूर्व एमाले नेता घनश्याम लगायतलाई ल्याएर पार्टीलाई अझ मजबुत बनाउनुपर्छ भन्ने पक्षमा रहेको कतिपयको बुझाई छ ।

## नीति...

सन्दर्भमा रणनीति अख्तियार गर्न संस्थापन पक्ष र इतर पक्षका नेताहरू जुटेका छन् ।

देउवामाथि संस्थापन इतर पक्षका नेताहरू आक्रामक देखिएका छन् । त्यसमा पनि दुई महामन्त्री एक साथ सभापति देउवाविरुद्ध देखिएपछि पार्टीभित्र देउवालाई अप्ठ्यारो पर्ने आकलन एकथरीको छ । जसको छनक महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले शनिबार मात्रै संयुक्त अपिल जारी गरेर दिएका छन् ।

थापा र शर्माले शनिबार राष्ट्रिय मेलमिलाप दिवसको अवसर पारेर निकालेको वक्तव्यमा पार्टीको आन्तरिक मामिला बारेमा गम्भीर समीक्षा गरेर मात्रै अगाडि बढ्न आग्रह गरेका छन्। उनीहरूले पछिल्लो केही समययता विकसित घटनाक्रमलाई ढाकछोप गरेर अल्मल्याउने चलखेलमा नलाग्न पनि सबैमा अपिल गरेका छन् ।

तर, पार्टी सभापति देउवा र उनी पक्षका नेताहरू निर्वाचन समीक्षाको नाममा बैठकलाई केही दिन अलमल गर्दै असन्तुष्टि सेलाउने रणनीतिमा छन् । जसरी देउवाले २०७४ को निर्वाचनपछि डेढ महिनाभन्दा बढी समय केन्द्रीय समिति बैठकलाई लम्ब्याएर असन्तुष्टलाई गलाएका थिए। २०७४ को निर्वाचनमा कांग्रेस पराजय भएपछि बसेको बैठकमा देउवाले आफूप्रतिको असन्तुष्टिलाई ‘म्यानेज’ गरेका थिए । जिल्ला सभापतिहरूको भेला र महासमिति बैठकमा पनि सोही रणनीति अख्तियार गरेका थिए ।

अहिले महामन्त्रीद्वयसहित संस्थापन इतर पक्षका केही नेताहरूले पार्टीको १४औँ महाधिवेशनलगत्तै गर्ने भनिएको नीति महाधिवेशनको माग गर्न थालेका छन् ।

महामन्त्री विश्वप्रकाश शर्माका अनुसार, यसअघि नै केन्द्रीय समिति बैठकले नीतिगत निर्णय गर्दै कसरी नीति महाधिवेशन गर्ने भन्ने कार्ययोजना बनाउन पार्टी कार्यालयलाई भनेको थियो । उनका अनुसार, पार्टीले बनाएको उक्त कार्ययोजना आउँदो केन्द्रीय समिति बैठकमा प्रस्तुत हुने छ। र, त्यसपछि कसरी र कहिले नीति महाधिवेशन गर्ने भन्ने निर्णय केन्द्रीय समिति बैठकले गर्ने छ ।

कांग्रेसले पहिलो पटक नीति महाधिवेशन गर्न लागेको हो । त्यसको कार्ययोजना नभएकाले यसअघिको बैठकबाट त्यो बनाउन पार्टी कार्यालयलाई निर्देशन दिएको हो । महामन्त्री थापा र शर्मा दुवैले सार्वजनिक रुपमा अबको केन्द्रीय समिति बैठकबाट नीति महाधिवेशन गर्नेगरी निर्णय गराउन आफूहरूले माग गर्ने बताएका छन् । महामन्त्रीहरूको उक्त माग सम्बोधन सम्बोधन गर्ने गरी सभापति देउवा आउँदो वैशाख पहिलो हप्ता नीति महाधिवेशन गराउन तयार रहेको उनी निकटका एक नेता बताउँछन् ।

१४औँ महाधिवेशनमा महाधिवेशन प्रतिनिधिहरूमा सभापति देउवा पक्षको वर्चस्व रहेकाले इतर पक्ष जति नै आक्रामक भएता पनि फरक नपर्ने मनस्थितिमा छन् । अर्कोतिर, केन्द्रदेखि प्रदेशसम्म पार्टी प्रतिपक्ष बन्न लागेको बेला देउवाविरुद्ध पार्टीमा जनमत निर्माण गर्न सकिन्छ कि भन्ने ध्येयमा इतर पक्ष देखिन्छ ।

## बढ्दो...

तीन तल्लाको अन्डरग्राउन्ड पार्किङ गराउने गरी ‘सार्वजनिक-निजी-साझेदारी’ अवधारणामा संरचना निर्माण हुने बताएका छन् ।

तर, गृह मन्त्रालय, विपत तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख एवं समितिका सदस्यसचिव रहेका प्रदीपकुमार कोइराला भने महानगरले संरचना निर्माणका लागि संघ सरकारसँग अनुमति नलिएको बताउँछन् । ‘खुलामञ्चको सन्दर्भमा पनि कुनै निवेदन आएको छैन । फेरि काठमाडौं, ललितपुर र भक्तपुरमा निश्चित स्थानलाई खुला क्षेत्र घोषणा गरिएको छ, त्यहाँ थप भौतिक संरचना पनि बनाउन पाइँदैन,’ सहसचिव कोइरालाले भने । सम्पदा संरक्षणका अभियन्ता आलोकसिद्धि तुलाधर काठमाडौं उपत्यकामा टुँडिखेलसहित खुलामञ्च क्षेत्र ऐतिहासिक कालदेखि नै सार्वजनिक खुला क्षेत्रका रुपमा रहेको दाबी गर्छन् ।

अर्कोतिर, ०६९ चैत २६ गते बसेको मन्त्रिपरिषद् बैठकले खुलामञ्चसहित दुई सय ७६ रोपनी ११ आना २ पैसा २ दाम क्षेत्रफललाई खुला क्षेत्र घोषणा गर्दै थप भौतिक संरचना निर्माण नगर्ने निर्णय गरेको थियो। यद्यपि २०७२ को विनाशकारी भुकम्पपछि भने केही मानिसहरु उक्त स्थानमा संरचना नै बनाएर बसेका थिए । तर, पछि गृहमन्त्रालयले स्थानीय तहमा पत्राचार गरेपछि उक्त स्थानमा संरचना निर्माण र बसेका नागरिक पनि हटेका थिए ।

त्यति मात्रै होइन, ०७३ देखि अस्थायी बसपार्क सटर र व्यापारको केन्द्र नै बनेको खुलामञ्चलाई महानगरले ०७७ फागुनमा मात्र खुला गरेको थियो । त्यस्तै, खुलामञ्च मासिँदै गएपछि सम्पदा अभियान्ताहरुले ‘अकुपाई टुँडिखेल’ अभियान नै चलाएका थिए । काठमाडौंको मुटुमा रहेको खुलामञ्चमा भौतिक संरचना निर्माण गर्न नहुने आवाज उठेपनि महानगरले पार्किङ्गका लागि डीपीआरको तयारी गर्दा निर्णय नै विवादित बनेको हो । उक्त निर्णय सुधार्न अभियान्ताको महानगरलाई सुझाव छ ।

## व्यवसायीमाथि...

व्यवसायीहरु भेला भएका थिए । व्यवसायीहरुले सरकार परिवर्तनसँगै व्यवसायीमाथि हातपात गर्ने प्रवृत्तिले लामो समयपछि लयमा फर्किन थालेको वैदेशिक रोजगार व्यवसायमा संकट आउने खतरा बढेको बताए ।

संघका संयोजक बिमल ढकालले सरकार परिवर्तनलगत्तै वैदेशिक रोजगार व्यवसायीका कार्यालयमा जोरजबरजस्ती प्रवेश गरी आक्रमण गर्नु गम्भीर चिन्ताको विषय भएकोले सरकारमा संलग्न दलहरु, गृहमन्त्री तथा प्रमुख प्रतिपक्षीसहित अन्य प्रतिपक्षी दलका नेतासमेतको ध्यानाकर्षण गराउनुपर्ने अवस्था उत्पन्न भएको बताए ।

संयोजक ढकालले वैदेशिक रोजगार व्यवसायीहरु वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार नियमावलीले तोकेको दायरामा रहेर व्यवसाय गर्नुपर्ने विषयमा सचेत हुनुपर्ने र व्यवसायीको जीउज्यान तथा सरकारी पक्षबाट व्यवसायको पूर्ण सुरक्षाको प्रत्याभूति गरिनुपर्ने बताए ।

छलफलमा संघका सहसंयोजक प्रेम कटुवाल, संघ तदर्थ समितिका सदस्य रघुनाथ पुरी, प्रज्ञान न्यौपाने, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव जनक रावल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका उपाध्यक्ष प्रमेश्वर अधिकारी, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव मधुकर रिजाल, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसैन, वैदेशिक रोजगार व्यवसायी तमुधीं समाजका अध्यक्ष तीर्थ गुरुङ, संघका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भु प्रसाद निरौलालगायत दुई दर्जनभन्दा बढी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

छलफलमा निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठले व्यवसायीमाथि उत्पन्न सुरक्षा खतराको निराकरणका अतिरिक्त व्यवसायीको कार्यालयमा आक्रमण भएको घटनाको कानूनी उपचारका विषयमा पनि संघको तर्फबाट पहल हुनुपर्ने धारणा राखेका थिए ।

गृह मन्त्रालयले गत वर्ष सम्बन्धित व्यक्तिको सहमतिबिना कुनै प्रकारको तस्बिर र भिडियो खिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन गरेमा कारबाही हुने सूचना जारी गरेको थियो । गृह मन्त्रालयले जारी गरेको सूचनामा सम्बन्धित व्यक्तिको अनुमतिबिना तस्बिर खिचेर र ‘भिडियो’ बनाएर निजलाई जानकारी नै नदिई सहमति, अनुमतिबिना सामाजिक सञ्जालमा प्रकाशन गरे जोसुकैलाई प्रचलित कानूनबमोजिम कारबाही हुने उल्लेख छ ।

## संघद्वारा ..

संस्थाबाट मात्र प्रतिनिधि पठाइएका कारण उक्त मितिको साधारण सभा रोकिएको थियो ।

संघले माघ ६ गते निर्वाचनसहितको साधारण सभाका लागि कम्तिमा ७ दिन अगावै निर्वाचन समितिलाई मतदाता नामावली उपलब्ध गराउनुपर्ने भएकाले पुस २७ गतेभित्र प्रतिनिधि पठाउन आग्रह गरेको छ । यसअघि वार्षिक सदस्यता शुल्क बुझाएकामध्ये १ सय २ व्यवसायीले प्रतिनिधि पठाउन बाँकी रहेको बताइएको छ ।

संघले राजनीतिक दल निकट रहेका संघसंस्थाहरुले अग्रसरता लिई आ-आफ्ना सदस्यहरु लाई प्रतिनिधि पठाउन पत्राचार गर्नसमेत आग्रह गरेको छ । माघ ६ गते अनुपम फुडल्याण्डमा हुने संघको २९ औं वार्षिक साधारण सभासहितको निर्वाचनका लागि संघले व्यवसायी ऋषि शर्माको संयोजकत्वमा निर्वाचन समिति गठन गरिसकेको छ ।

### मलेसियामा रोजगारको अवसर
कम्पनी: SRIRAAMAS AGRO FARM SDN BHD
शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०९/१७ | चलानी नं.: ६०१९४१५९ | L.T. No.: 278506

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २५ गते (9 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८८०/०६७/०६८

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 01-5100475, 9851178332
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np

### साउदीमा रोजगारको अवसर
१. कम्पनी: FAYROUZ STREET CAFE TO SERVE DRINKS
शहर: Saudi Arabia

पुर्व स्वीकृत मितिः २०७९/०९/०६ | चलानी नं.: ६०१९३७०८ | L.T. No.:278035 | पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Labour | 6 | 0 | | 1000 | ३५,१४० | | | | | | | |

२. कम्पनी: EDAA DEVELOPING CO.LTD.
शहर: Dammam

पुर्व स्वीकृत मितिः २०७९/०८/०८ | चलानी नं.: ६०१९१९३० | L.T. No.: 276201 | पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labor | 40 | 0 | | 1000 | ३५,११० | | | | | | | |

३. कम्पनी: Mohammed Saad Mohammed Al Ghurairi Al Dossary and Brothers Company
शहर: Saudi Arabia

पुर्व स्वीकृत मितिः २०७९/०५/२२ | चलानी नं.: ६०१८७१४४ | L.T. No.: 271464 | पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: MAHDI HADI BIN MAHDI AL HISI GENERAL CONTRACTING EST
शहर: Saudi Arabia

पुर्व स्वीकृत मितिः २०७९/०९/१४ | चलानी नं.: ६०१९४१३८ | L.T. No.: 278551

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: FOOD BASKET FOUNDATION FOR FOODSTUFFS
शहर: Saudi Arabia

पुर्व स्वीकृत मितिः २०७९/०९/१४ | चलानी नं.: ६०१९४१३७ | L.T. No.: 278550

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २५ गते (9 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

### नौकुण्ड गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति : २०७९/०९/१८**

यस कार्यालयवाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको e-portal:- www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी सिफारिस भएको हुँदा सार्बजनिक खरीद ऐन को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरीद ऐन को दफा ४७ को प्रयोजनका लागी समेत जानकारी गराइएको छ ।

**तपसिल :**

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत रकम |
|---|---|---|---|---|
| 1 | Procurement and supply of steel parts Fabrication | NRM/NCB/ Goods/0e/079/80 | Inter tech pvt. ltd. | 2,938,419.01 Without Vat |

(प्रमुख प्रशासकिय अधिकृत)

### जुनीचाँदे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मजकोट, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति २०७९।०९।१८**

यस कार्यालयबाट मिति 2079-08-09 गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Mainpakha Punka Juni Sadak Construction (IFB No: JCRM/NCB/WORKS/03/079/080) को सूचना अनुसार प्राप्त हुन आएका फर्महरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याकंन गर्दा सबैभन्दा कम अंक कबोल गर्ने देहाय बमोजिम बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S.N | IFB no | Specification | Contactor Name and Address | Bid Price (WithVat) |
|---|---|---|---|---|
| 1 | IFB No: JCRM/NCB/ WORKS/03/079/080 | Mainpakha Punka Juni Sadak Construction | Malika Basnet Nirman Sewa Chhedagada-13 , Jajarkot Karnali Provience | NPR 3588128.55 |

प्रमुख प्रशासकीय अधिकृत

### साउदीमा रोजगारको अवसर
कम्पनी : NADEEM GRILL RESTAURANT FOR SERVE MEALS
शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/०९/१७ | चलानी नं.: ६०१९४१७६ | LT. No.: 278680

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1300 | ४५,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २५ गते (9 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं.: १२५/०५५/०५६
Certificate No.:15956
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

### मलेशियामा शुन्य लागत (Zero Cost) मा रोजगार
कम्पनी : SYNERGY WOOD PRODUCTS SDN BHD
शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०९/१७ | चलानी नं.: ६०१९४१६५ | LT. No.: 278606

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 120 | 0 | स. काममा दक्ष | 1500 | ४३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २५ गते (9 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पाल्ही ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: palhioverseas2006@gmail.com | Website: www.palhioverseas.com

### भूल सुधार

मिति २०७९/०९/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगारको अवसर शिर्षकको विज्ञापनमा निम्न कम्पनीहरुको शिर्षक मलेशिया र साउदीमा रोजगार हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ । साथै सोहि विज्ञापनको १. कम्पनी: Jumana Hisham Mohammed Shah Al Kashgari fast food restaurants र L.T. No.: 278526 मा शहर: Saudi, Jeddah हुनुपर्ने, २. कम्पनी: Jumana Hisham Mohammed Shah Al Kashgari fast food restaurants र L.T. No.: 278525 मा शहर: Jeddah हुनुपर्ने, ३. कम्पनी: DERMYPACK PLASTIC (M) SDN. BHD र L.T. No.: 268727 मा शहर: Malaysia, Johor हुनुपर्ने, ४. कम्पनी: FURNIWEB MANUFACTURING SDN.BHD. र L.T. No.: 268119 मा शहर: Malaysia, Selangor हुनुपर्ने, ५. कम्पनी: LEE BISCUITS MALAYSIA SDN BHD र L.T. No.: 268726 मा शहर: Malaysia, Johor हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Dynamic Sales & Services (P) Ltd.**
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

### राहदानी हरायो

मिति २०७९/०८/०६ गते सुकेधारा देखि चक्रपथ सम्म जाँदा मेरो निम्न ब्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः नफिसा रिजाल**
**ठेगानाः मालिगाउँ**
**राहदानी नं.: ०९०११६८४**
**सम्पर्क नं. : ९८४३०१४३६६**

हुम्ला डायरी
ओबराज शाही/मध्यान्ह

## स्वास्थ्य चौकीमा विद्युत नहुँदा समस्या



स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारले विद्युत उपलब्ध गर्ने भने पनि हुम्लाको खार्पुनाथ गाउँपालिका वडा ३ राया स्वास्थ्य चौकीमा भने अझै विद्युत पुगेको छैन । करिब ५ वर्षदेखि राया गाउँमा विद्युत सञ्चालन हुँदै आएको छ । विद्युत राया र कार्डगा गाउँका करिब दुई सय ५० घरधुरीलाई विद्युत वितरण गरेको भएपनि रातिको समयमा मात्र करिब १० घण्टा विद्युत सञ्चालनमा आउने गरेको खार्पुनाथ गाउँपालिका वडा ३ का अध्यक्ष च्यागा बोहोराले बताए ।

अध्यक्ष बोहोराले उक्त विद्युत २५ किलोवाट उत्पादन गर्ने क्षमता भएपनि सो विद्युतले १९ किलोवाट मात्र विद्युत उत्पादन गर्ने भएपछि पूर्ण रुपमा विद्युत सञ्चालन हुन नसकिएको बताए । राया स्वास्थ्य चौकीका इन्चार्ज बिरी सिंह रावलले राति ७ बजे देखि बिहान ६ बजेसम्म विद्युत आउने भएकाले दिउँसो स्वास्थ्य क्षेत्रका विद्युतबाट हुने काम हुन नसक्ने गरेको बताए ।

त्यस्तै दिउँसोको काम पनि राति विद्युत सञ्चालनमा आए मात्र काम गर्नु परेको स्वास्थ्य चौकी स्रोतले जनाएको छ । उक्त समस्यालाई अबको एक महिना भित्र समाधान गर्ने खार्पुनाथ गाउँपालिका उपाध्यक्ष ज्ञान बहादुर सिंहले बताए ।

## थुनुवालाई ब्लाङ्केट दिएर मनाइयो मेलमिलाप दिवस



विपी चिन्तन प्रतिष्ठान हुम्लाले राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा कैदी बैन्दीलाई ब्लाङ्केट वितरण गरेको छ । विपी मेलमिलाप दिवसको अवसर पारी प्रतिष्ठानको जिल्ला कार्यसमितिका पदाधिकारी र नेपाली कांग्रेस जिल्ला कार्यसमितिका पूर्व सभापति एवं कर्णाली प्रदेश सदस्य जयपति रोकायाको आर्थिक सहयोगमा ११ वटा ब्लाङ्केट हुम्ला जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका थुनुवालाई प्रदान गरिएको हो । उक्त ब्लाङ्केट जिल्ला कारागार प्रमुख डवल रावतलाई हस्तान्तरण गरिएको छ ।

ब्लाङ्केट वितरण कार्यक्रममा नेपाली कांग्रेसका उपसभापतिद्वय कैलास भण्डारी, वसन्त रोकाया, प्रहरी नायव उपरीक्षक कृष्णराज ओझा, सशस्त्र प्रहरी नायव उपरीक्षक, नेपाल शिक्षक संघका पूर्व अध्यक्ष कैलास रोकाया, नव निर्वाचित अध्यक्ष जुनराज हमालसँगै विपी चिन्तन प्रतिष्ठान जिल्ला कार्यसमितिका पदाधिकारीहरुको सहभागिता रहेको थियो । सोही कार्यक्रममा स्वागत मन्तव्यसँगै विपीको मेलमिलाप नीति सम्बन्धी जानकारी विपी चिन्तन प्रतिष्ठानका जिल्ला सल्लाहकार समितिका संयोजक राजबहादुर वुढाले गराएका थिए ।

## स्वास्थ्य संस्थाको अनुगमन शुरु

हुम्लाको प्रदेश (ख) मा पर्ने खार्पुनाथ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाको संयुक्त अनुगमन शुरु भएको छ । गाउँपालिकादेखि वडा स्तरमा रहेका स्वास्थ्य संस्थाको अवस्था र सेवा प्रवाहबारे कस्तो भएको छ ? भन्ने विषयमा बुझ्न जनप्रतिनिधिसहितको टोली र गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा अनुगमन शुरु गरिएको हो ।

खार्पुनाथ गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख बलिराज शाहीले स्वास्थ्य संस्थाको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन जनप्रतिनिधि, सञ्चारकर्मी र स्वास्थ्य क्षेत्रमा काम गर्ने निकायका प्रतिनिधिहरुको संयुक्त टोलीले पालिकाका सबै स्वास्थ्य संस्थाको अनुगमन शुरु गरिएको बताए । खार्पुनाथ गाउँपालिका भित्रका ५ वडामा भएका चार वटा स्वास्थ्य चौकी, आठ वटा सामुदायिक स्वास्थ्य एकाई र एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन् ।

अनुगमन टोली सम्बन्धित स्थानमा टोली पुग्ने छ । त्यस्तै सुशासन तथा प्रशासनिक व्यवस्थापन, स्वास्थ्य व्यवस्थापन, सूचना प्रणाली, खोप सेवा कार्यक्रम, बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, विद्यालय स्वास्थ्य र सामुदायिक स्वास्थ्य कार्यक्रमको अनुगमन गरिने छ ।

अनुगमनको सबै कार्य पूरा भएपछि टोलीले प्रतिवेदन तयार पारेर संयुक्त रुपमा सञ्चालन हुने समीक्षा कार्यक्रम प्रस्तुत गरिनेछ । अनुगमन गर्दा स्वास्थ्य सेवामा टेवा पुग्ने शाखाले विश्वास लिएको छ । गाउँपालिका उपाध्यक्ष ज्ञानबहादुर सिंह, पत्रकार महासंघका अध्यक्ष राजन रावतको टोलीले अनुगमन गर्नेछ । अनुगमनमा स्वास्थ्य संस्थामा रहेका कर्मचारीसँग अन्तरक्रिया पनि गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/१८**

**आर. एस. भेइकल्स सर्भिसेज प्रा.लि.** को मिति २०७४/१०/२८ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर. एस. टुर्स एण्ड ट्रान्सपोर्ट प्रा.लि. (प्रा. लि. नं.: १६७१००)**, कायम गर्ने गरी मिति २०७४/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# उर्वरा फाउण्डेशनद्वारा सम्मानित

**काठमाडौं/मस–** उर्वरा फाउण्डेशन नेपालले विभिन्न क्षेत्रमा क्रियाशील विशिष्ठ व्यक्तित्वहरूलाई 'उर्वरा राष्ट्रिय सम्मान २०७९' बाट सम्मान गरेको छ ।

कवि तथा संस्कृतिविद् तुलसी दिवसको सभापतित्वमा भएको सम्मान कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका महामन्त्री एवं पूर्व स्वास्थ्यमन्त्री गगन थापा रहेका थिए । त्यसैगरी कार्यक्रममा विशिष्ट अतिथिको रुपमा समाजसेवी पेमा छिरिङ शेर्पा, समाजसेवी, कलाकार तथा पत्रकार सूर्य चन्द, गीतकार शीतल कादम्बिनी, निर्देशक कलाकार उमेश गुरुङलगायतको उपस्थिति रहेको थियो ।



उक्त सम्मान कार्यक्रममा उर्वरा राष्ट्रिय लोक प्रतिभा सम्मानबाट सुरेन्द्र गुरुङ, उर्वरा राष्ट्रिय जलविद्युत ऊर्जा सम्मानबाट गणेश कार्की, उर्वरा राष्ट्रिय संगीत सम्मानबाट गायक अशोक मुकारुङ, उर्वरा डायोस्पोरा संगीत सम्मानबाट गायक जीवन शर्मा, उर्वरा डायोस्पोरा समाजसेवी सम्मानबाट समाजसेवी हेम थापा, उर्वरा राष्ट्रिय रेडियो पत्रकारिता सम्मानबाट गीतकार समेत रहेका रेडियो पत्रकार तुलसी बस्नेत, उर्वरा राष्ट्रिय सम्मानबाट कवि पर्यटन व्यवसायी सुमन घिमिरे, उर्वरा डायोस्पोरा साहित्य सम्मानबाट कवि एवं साहित्यकार नरेश काङमाङ, उर्वरा राष्ट्रिय पर्वतारोहण सम्मानबाट सगरमाथा आरोही देउराली चाम्लिङ, उर्वरा राष्ट्रिय बहु आयामिक कला सम्मानबाट कलाकार लक्ष्मण श्री, उर्वरा राष्ट्रिय युवा उद्यम सम्मानबाट हरि ठकुरी, उर्वरा राष्ट्रिय समाजसेवा रत्न सम्मानबाट रिमा सापकोटा, उर्वरा डायोस्पोरा गीतकार सम्मानबाट गीतकार भुपेन्द्र महत र उर्वरा समाजसेवी सम्मानबाट समाजसेवी शोभाकान्त पाण्डे सम्मानित भएको छन् ।

त्यस्तै मौलिक नृत्यबाट एलिजिबा पुर्जा पुन, गायिका अमृता नेपाली लगायतलाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रमको अध्यक्षता फाउण्डेशनकी अध्यक्ष देवकी अभिलाषीले गरेकी थिइन् । गायक रूपक डोटेल तथा मोडल रिना थापा मगरको जोडदार प्रस्तुतिले कार्यक्रमलाई रौनक प्रदान गरेको थियो । कार्यक्रमको सञ्चालन उद्घोषक तथा गायक राजेश बर्देवाले गरेका थिए ।

**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी (बर्दघाट सुस्तापूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) लोड, अनलोड, ढुवानी तथा लेवल मिलाउने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/९/१८)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम यस नगरपालिकाको गिरुवारी खोलाको रानिटार झोलुङ्गे पूलको नजिम रहेको नगरपालिकाको नदीजन्य पदार्थ वडा न ७ को शनिबारे हाट बजार मुरली खोलाको पुलपारी प्रतिक्षालयसंगै नमुना अपाङ केन्द्रको पश्चिम तर्फ रहेको खाल्टो पुर्नपर्ने भएकोले मिति २०७९/९/१४ को नगर प्रमुख स्तरीय निर्णय अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) लोड, अनलोड, ढुवानी तथा लेवल मिलाउन आवश्यक भएकोले सो कार्यका लागि इच्छुक फर्म वा कम्पनीहरुले के कति दररेटमा गर्न सकिने हो रु आफनो दररेट सहित फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी लिखित दरभाउपत्र पेश गर्नुहुन सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सूचना नं./ बोलपत्र नं. | कार्य | लोड, अनलोड, ढुवानी तथा लेवल मिलाउन् परिमाण घ.मि. | जम्मा रकम (VAT सहित) | शिलबन्दि खरिद दस्तुर | शिलबन्दी जमानत रकम | बिड वण्ड मान्ने हुने अवधि | शिलबन्दी बुझाउने आन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| ०४/०७९/०८० | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) लोड, अनलोड, ढुवानी तथा लेवल मिलाउन (वडा नं.८ रानिटार झोलुङ्गे पूल देखी वडा न ७ को शनिबारे हाट बजार मुरली खोलाको पुलपारी प्रतिक्षालयसंगै नमुना अपाङ केन्द्रको पश्चिम तर्फ रहेको खाल्टो सम्म) | ६०१६ | रु १६५६२१६.२३ | रु १००० | रु ४०००० | ७५ दिन | २०७९/१०/०३ दिनको १२:०० बजे | २०७९/१०/०३ दिनको २:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

**Binayi Tribeni Rural Municipality**
**Office of Rural Municipal Executive**
**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

**Invitation For Online Bids**

**Date of publication: 2079/09/18, (2nd, Jan, 2023)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid summit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 24/BTRM/NCB/Works/2079-080 | Dumkibas Jogikuti Thulotaadi Sadak | 4980516.43 | 150000.00 | 3000.00 | 2079/10/19 (2nd, Jan, 2023) Before 12:00 | 90 Days | 2079/10/09 (23th, Jan, 2023) at 1:00 PM | Single Stage, Single Envelope |

| | |
|---|---|
| **Cost of Bidding Document in Bank** | Name of the Bank : Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office : Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 |
| **Cost of Bid Security in Bank** | Name of the Bank : Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office : Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ पुस २०७९, सोमबार
2 January 2023, Monday

## सम्पादकीय

### जीवन रक्षाको सवाल

देशभर अत्याधिक चिसो बढेपछि कयौं विद्यालयहरू बन्द गरिएका छन् । मध्य हिउदको चाडोले जनजीवन प्रभावित बनेकाले बालबालिकामा त्यसको असर रोक्न विद्यालय बन्द गरिएको हो । सार्वजनिक विद्यालयले हिउदमा जाडो विदा दिनु परम्परा नै हो । चिसोबाट बच्न हिउँदमा निश्चित समय विदा दिने र वर्षायाममा पनि विदा दिनुलाई सरकारले नीतिगत रूपमै स्वीकार्दै आएको हो । कतिपय सार्वजनिक विद्यालयले त्यही परम्पराको निरन्तरतामा विदा दिएको छ भने कतिपयले अहिलेको वस्तुगत अवस्थालाई ध्यान दिएर विद्यालय बन्द गरेका छन् । चिसोको ठूलो असर उच्च हिमाली, उच्च पहाडी र तराई–मधेशमा देखिएको छ । हिमाली र उच्च हिमाली क्षेत्रमा त अन्य गतिविधि पनि रोकिने अवस्था सिर्जना भएको छ । तराईका जिल्लाहरूमा पनि त्यस्तै समस्या छ । केही समय यता राजधानी उपत्यकामा पनि अत्याधिक चिसो बढेको छ ।


चिसोका कारण हवाइ उडान प्रभावित हुनेदेखि कार्यालय काममा असर देखिएको छ । तर कयौं विद्यालयले अहिले पनि विद्यालय तथा कलेजले कक्षा सञ्चालन गरिरहेका छन् । विशेषगरी नीजि विद्यालयहरूमा यस्तो प्रवृत्ति देखिन्छ । जबकी सिकाइको अर्थ कक्षाकोठा र पाठ्यक्रम मात्रै नभएको सिकाइ तिनै विद्यालयमा दिइने गरेको छ । त्यसैले चिसोबाट पहिले बालबालिकालाई जोगाउनेतिर स्थानीय सरकार, शैक्षिक संस्था र सम्बन्धित पक्षको ध्यान जान जरूरी छ । बालबालिकासँगै चिसोको ठूलो असर बृद्धबृद्धामा परेको छ । बृद्धबृद्धामा चिसोका कारण स्वास्थ्य समस्या देखिएको छ । यसबाट नागरिक जीवनरक्षाको दायित्व फेरि पनि स्थानीय, प्रदेश र संघ सरकारले बढी लिन आवश्यक छ ।

प्रकृतिको नियमित चक्र भएकाले धेरै समय चिसो रहिरहदैन । तर यसबाट नागरिकले सास्ती खेप्नुपर्ने हुन्छ । स्वभाविक रूपमा न्यून आय भएका, बालबालिका र बृद्धबुद्धामा कुनैपनि प्रकोपको बढी जोखिम हुन्छ । यस्तै बेला राज्यको अनुभूति नागरिकले खोजेका हुन्छन् । न्यानो लत्ताकपडा, आगोको तातोदेखि अहिले विकसित विद्युतीय सामग्रीको आवश्यकता न्यून आय भएका परिवारमा धेरै हुन्छ । तर ठूलो कुरा गरिरहँदा यस्ता सानो विषयमा नेतृत्वको ध्यान गएको पाइदैन । तसर्थ सरकारी, सार्वजनिक र अन्य क्षेत्रको कामकार्बाहीसँगै आवश्यक राहतको काममा सरकारको ध्यान जान जरूरी छ । नागरिकको जीवन रक्षा र दैनिकीमा सहजता भन्दा अर्को ठूलो काम तत्काललाई होइन ।

# योग : स्वस्थ रहने सूत्र

*योग जीवनलाई अपनाए मानिस निरोगी र दीर्घजीवी हुनसक्छ । त्यसो भएमा मानिस खुसी र सुखी दुवै हुन सक्छ । जीवनको अन्तिम सफलता र उपलब्धि पनि यही हो ।*

अग्रलेख



● बेनीबहादुर कार्की

भनिन्छ, मानिसको जीवन भएसम्मको संसार । जीवन नभए संसारै शून्य । यो भनाइलाई सत्य मान्ने हो भने संसारमा मानिस जीवित रहन पहिले जीवनलाई बचाउन जरुरी हुन्छ । यो भनेको आफू संसारमा जीवित रहनका लागि जीउने जीवन पद्धति जान्नुपर्छ, बुझ्नुपर्छ । सुत्ने, उठ्ने र खाने तरिका ठीक हुनुपर्छ । सकारात्मक सोच बनाउनुपर्छ । अनि मात्र मानिस निरोगी र दीर्घजीवी हुनसक्छ । यसो हुन अहिलेको युगमा रामदेव बाबा, हरिजी माहाराज, भानु शर्मा र रमेश नेपालसमेतलाई सम्झेर उहाँहरुको जीवन पद्धति अनुशरण गर्न जरुरी छ । यसो गर्न सकेमात्र मानिस निरोगी र दीर्घजीवी हुनसक्छ र यसैमा खुसी र सुखी दुवै हुन सकिन्छ । जीवनको अन्तिम सफलता र उपलब्धि पनि यही हो ।

मानिस रोगी भएर बाँच्नु निकै पीडादायक विषय हो । यसरी बाँचेका मानिस आफैँमा पनि बोझ बनिरहेका हुन्छन् । यसरी बाँचिरहेका मानिस खुशी र सुखी हुनै सक्दैनन् । त्यस्ता मानिसको जीवन सफल हुन गाह्रो छ । त्यस्ता मानिसलाई प्रगति गर्न पनि गाह्रो हुन्छ । आफ्ना लागि आफैं बोझ भएर बाँचेका मानिसले अरुलाई सहयोग गर्ने कुरै भएन । खुशीसाथ सुखी भएर बाँच्न सम्भव नै हुँदैन । जीवनभरि ऐया ऐया...भनेर बाँच्नुपर्ने बाध्यतामै बाँचिरहेका हुन्छन् । यो भनेको यही संसारमा यही जीवनकालमा नर्कमा डुबिरहनु जस्तै हो । जो आफैं रोगी छ, केही गर्न सक्दैन, सँधै बिमारी भइरहन्छ, कुनै काम गर्न सक्दैन, सधैं डाक्टर र औषधिको प्रयोग गरिरहन्छ, उस्को जीवन के जीवन ? यस्तो जीवन बिताउनु परेमा बुझ्नुहोस् हामी नर्कमै छौं । जो मानिस सँधै निरोगी छ । सधैं हँसिलो रसिलो छ । जुनसुकै काम, जतिबेला पनि गर्न सक्छ । आफ्नो काम आफैँ गर्न सक्षम छ । परेका बेलामा अरुलाई पनि सहयोग गर्न सक्षम छ भने त्यो मानिस सबैका लागि प्रेरणाको स्रोत बन्छ । यस्ता मानिस आफ्ना लागि र अरुका लागि पनि खुसी र सुखीको थलो सधैं भइरहन्छ । यो भनेको ऊ सधैं स्वर्गमा नै रहेको हुन्छ । यस्तो हुन जीवन जीउन जान्नुपर्छ । अनि मात्र खुसी र सुखी हुन सकिन्छ ।



### खुसी र सुखी कसरी हुने ?

यसो हुन सर्वप्रथम हरेक मानिसले आफ्नो जीवनचक्र बुझ्न जरुरी हुन्छ । यो भनेको मानिसको लागि यो संसारमा सधैं एकनास हुँदैन । बच्चा, जवान, बुढो हुने जीवनचक्र हो । सधैं कोही बाँच्दैन । चाहे कोही कति नै धनी, विद्धान वा राजा र मन्त्री नै किन नहोस् । यसो भएकाले सबैका लागि मृत्यु अनिवार्य छ । मोटो-पातलो, रोगी-निरोगी, धनी-गरिब, ठूलो-सानो सबैले एकदिन मृत्युवरण गरेर यो संसारबाट बिदा हुनैपर्छ ।

यो अकाट्य सत्य हो । केवल कुन दिनको मर्छ यो भने कसैलाई थाहा हुँदैन । यो थाहा पाउन जरुरी पनि छैन । केबल म मर्छु भनेर हरेकले बेलैमा बुझेर सोहीअनुसार काम गर्नसके सजिलै जीवन सफल बनाउन सकिन्छ । यो भनेको फेरि पनि जीवनलाई बेलैमा बुझेर खुसी र सुखी हुनु नै हो । यसो हुन अरुले केही गर्नै पर्दैन । आफैँ हुन सकिन्छ । यसो हुन बुढो हुन पनि पर्दैन । जीवनको महत्व बुझेर बेलैमा वा उमेर छँदै सजिलै हुन सकिन्छ । यसो हुन कुनै खर्च गर्न पर्दैन । धेरै पैसाको पनि जरुरी पर्दैन । केवल सहीजीउने जीवन पद्धति बेलैमा जाने पुग्छ । यसका लागि सही र सकारात्मक सोच हुन मात्र जरुरी पर्छ ।

### योग के हो र कसरी गर्ने ?

योग एकदमै सजिलो र सस्तो उपाय हो । एकरात दिनमा २४ घन्टा हुन्छ । जतिसुकै काम गरे पनि, जस्तोसुकै व्यस्त भए पनि २४ घन्टामा बढीमा एक घन्टा मात्र समय आफ्नो स्वास्थ्यका लागि दिए पुग्छ । यति समय आफ्ना लागि नदिएर काम गरेर कमाउनु भनेको कस्तो कमाउने हो र केका लागि कमाउनु हो ? यसो गर्नु भनेको फेरि पनि जीवनको सही अर्थ नबुझ्नु नै हो ।

सही अर्थमा जीवनलाई बुझ्ने मानिस बिहान ४ बजे उठेर दिसा पिसाब जे सम्भव हुन्छ गरेर, हात मुख कुल्ला गरेर योगासनमा बस्नुपर्छ । यो योग गर्ने तरिकाको लागि बिहान ५ बजे भारतीय टिभी च्यानलमा प्रशारण हुने रामदेव बाबाको योग पद्धति केही दिन हेरेर अभ्यास गरे आफैँ सजिलै जान्न सकिन्छ । यो योग क्रियाअन्तर्गत कपालभाँती अनुलोम, बिलोमसमेतका धेरै विधिहरु छन् । यसअन्तर्गत योग, ध्यान र व्यायाम सबै पर्दछ । यतिमात्र नियमित दैनिक गर्नसकेमा त्यो मानिस शारीरिक र मानसिक दुवै दृष्टिले तन्दुरुस्त हुन्छ । यसो भयो भने उ सधैं निरोगी हुन्छ र उस्ले अरुले भन्दा राम्रोसँग सबै काम सजिलै गर्नसक्छ । यो भनेको आफैँले आफूलाई गर्ने अचुक औषधि हो । यसलाई पैसा हालेर किन्नै पर्दैन, आफैँले बिहान आधा घन्टादेखि एक घन्टासम्म जाँगर मात्र लगाए पुग्छ । यस्तो सजिलो र सस्तो औषधि पनि हामी नगरेर रोगी हुन्छौँ, अकालैमा मर्छौं । यो भन्दा बिडम्बना मानिसको जीवनमा के हुन्छ ? त्यसैले हरेक मानिसले जान्न र बुझ्नैपर्ने के हो भने जीवनभरि खुसी र सुखी रहेर जीवन सफल बनाउन बिहानै योग गर्न अनिवार्य छ । सुरुमा केही दिन गाह्रो र असजिलो लागे पनि बानी परिसकेपछि एक दिन योग गरेन भने खान मन पनि लाग्दैन र निन्द्रा पनि लाग्दैन । अनी दिनभरि के नभएको, के नभएको जस्तो असजिलो भइरहन्छ । यसरी योग गर्नु भनेको शरीर र मन दुवै चङ्गा हुने सजिलो उपाय हो ।

यस सम्बन्धमा यो पंक्तिकारको २५ वर्षदेखिको लामो अनुभव रहेको छ । करिब ३० वर्ष पहिले पंक्तिकारलाई मधुमेहको रोग सुरु भयो । जुनबेला उमेर ४३ वर्षको थियो र पंक्तिकार वकालत पेसामा धेरै व्यस्त थियो । त्यसपछि डाक्टरको सल्लाहअनुसार पंक्तिकारले औषधि सेवन गर्ने अवस्था बन्यो । त्यसपछि पनि रोगले च्याप्दै गएपछि डाक्टरकै सङ्केतअनुसार भारतीय टिभी च्यानल हेरेर रामदेव बाबाले गरेको योग गर्न सुरु गरेदेखि जीउ झन्झनाउने, टाउको दुख्ने रिंगटा लाग्ने र विस्मरण हुनेसमेतका समस्या सबै ठीक भए र अहिले मेरो शारीरिक र मानसिक दुवै अवस्था २५ वर्ष पहिलेभन्दा पनि ठीक छन् । अहिले पंक्तिकारको उमेर ७३ वर्षको भए पनि शरीर काम गर्न उत्तिकै सक्रिय छ र स्मरण शक्ति पनि राम्रो छ ।

यसो हुनुमा शुद्ध शाकाहारी भोजन र योग अभ्यास नै मुख्य हो । सुखी हुन पहिले खुसी हुन जरुरी छ । खुसी हुन लोभ पाप त्यागेर सकारात्मक सोच सिर्जना गर्नुपर्छ । सकारात्मक सोचले मानिसलाई सन्तोषी बनाउँछ । यसो भएपछि मानिस स्वतः परोपकारी बन्छ । यी सबैकुरा योगमैनिहीत हुन्छ । योग गर्नाले एकैपटक सजिलै पाउन सकिन्छ । मानिस विवेक प्राणी भएकाले आफ्नो जीवन सफल पार्न हरेक मानिसले विवेक प्रयोग गर्न सक्नुपर्छ । जीवन जीउनु भनेको आफूले मात्र खानु, लाउनु हुँदै होइन । अरु मानिसलाई, समाजलाई र समग्रमा संसारलाई नै सेवा र सहयोग गरेका मानिसलाई उत्कृष्ट मानिस भनिएको छ । जीवनको यथार्थ बुझ्न आफू सबै दृष्टिले सक्षम हुन जरुरी हुन्छ । यसो हुनु योग गरेकै हुनुपर्छ । योगले शरीर र मनलाई निरोगी बनाउँछ र शान्त मन बनाएर जीवनको यथार्थ बोध हुन्छ । अनि मात्रै मानिस सधैं सकारात्मक भावले खुसी र सुखी बन्दछ ।

यसरी जीवन सफल बनाउने सूत्र योगबाट फेला पार्न सकिन्छ । यही भएर विभिन्न योग गुरुहरुका योग अभ्यासका प्रयोगकर्ताले आफ्नो मात्र जीवन सफल बनाएका छैनन्, संसारभरिका मानिसको जीवनलाई योगमार्फत सही दिशाबोध गरेर जीवन सफल बनाउने सूत्र दिइरहेका छन् । जसजसले ती सूत्रहरुलाई आफ्नो जीवनमा पनि अभ्यास गरेका छन्, उनीहरुको जीवन सार्थक बनेको छ ।

